# ललितपुर महानगरपालिका

## आधारभूत तह उत्तीर्ण परीक्षा - २०८२

**कक्षा : ८** — **पूर्णाङ्क : ५०**

**विषय : सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा** — **समय : २ घण्टा**

***तलका सबै प्रश्न अनिवार्य छन् । निर्देशाअनुसार सिर्जनात्मक उत्तर दिनुहोस् ।***

### खण्ड 'क'

**तलका प्रश्नहरूको अति छोटो उत्तर लेख्नुहोस् ।** **[९×१=९]**

१. सङ्घीय राज्य भन्नाले के बुझिन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

२. सामाजिक सद्भाव कायम गर्ने कुनै दुई उपायहरू प्रस्तुत गर्नुहोस् ।

३. हाम्रो परम्परा र संस्कारको संरक्षणमा तपाईंले खेल्न सक्ने कुनै एक भूमिका लेख्नुहोस् ।

४. प्रतिनिधि सभामा जम्मा कति जना सदस्यहरू रहन्छन् ?

५. तपाईं आफू मितव्ययी बन्न के कस्तो अभ्यास गरिरहनु भएको छ ? एक वाक्यमा लेख्नुहोस् ।

६. तपाईंको कक्षामा दुई साथीबिचमा द्वन्द्व भयो भने तपाईं के गर्नुहुन्छ ? एक वाक्यमा प्रष्ट पार्नुहोस् ।

७. मौद्रिक कारोबार भनेको के हो ?

८. तपाईंको विचारमा वैदेशिक व्यापारको क्षेत्रमा देखिएका समस्या समाधानका लागि नेपालले के गर्नुपर्ला ? कुनै एक सुझाव प्रस्तुत गर्नुहोस् ।

९. साइबर अपराधबाट बच्न तपाईंले के भूमिका खेल्न सक्नुहुन्छ ? एक वाक्यमा लेख्नुहोस् ।

### खण्ड 'ख'

**तलका प्रश्नहरूको छोटो उत्तर लेख्नुहोस् ।** **[७×३=२१]**

१०. तपाईं बसोबास गर्ने क्षेत्रमा विकासका पूर्वाधार निर्माण गर्न के के गर्नुपर्ला ? कुनै तीन सुझाव दिनुहोस् ।

११. "स्काउट भनेको भिडभाड नियन्त्रण गर्ने संस्था मात्रै होइन, यसले विद्यार्थीहरूलाई अनुशासित र चरित्रवान् बनाउन पनि मद्धत गर्छ" । यस भनाइलाई तीन वाक्यमा प्रस्ट पार्नुहोस् ।

१२. लागूपदार्थ दुर्व्यसनीका कुनै तीन असरहरू लेख्नुहोस् ।

१३. लोकतान्त्रिक गणतन्त्रका कुनै तीन विशेषता उल्लेख गर्नुहोस् ।

१४. नेपालको हावापानीमा प्रभाव पार्ने कुनै तीनओटा तत्वहरूको नाम लेखी कुनै एक तत्वको छोटकरीमा व्याख्या गर्नुहोस् ।

१५. नेपालको अव्यवस्थित बसाइँसराइँलाई न्युनीकरण गर्न स्थानीय तहको भुमिकालाई तीन बुँदामा लेख्नुहोस् ।

१६. शान्ति सेनामा सैनिक जवानको रुपमा साईप्रस जानुभएका तपाईंको मामालाई संयुक्त राष्ट्रसङ्घले नेपालमा पुर्‍याएको कुनै तीन योगदान उल्लेख गर्दै पत्र लेख्नुहोस् ।

**खण्ड 'ग'**

**तलका प्रश्नहरूको लामो उत्तर लेख्नुहोस् ।** **[४×५=२०]**

१७. तपाईंको विचारमा राज्यका हरेक क्षेत्रलाई समावेशी बनाउन के के उपायहरू अपनाउनु पर्छ ? पाँच बुँदामा उल्लेख गर्नुहोस् ।

१८. पुनर्जागरण भनेको के हो ? यस समयमा भएका कुनै चार उपलब्धिहरू उल्लेख गर्नुहोस् ।

१९. वैदेशिक रोजगार भनेको के हो ? यसका कुनै चारओटा महत्वहरूको सुची बनाउनुहोस् ।

२०. पृष्ठ भरिने गरी नेपालको नक्सा बनाई निम्न तथ्यहरूलाई उपयुक्त सङ्केतको प्रयोग गरी देखाउनुहोस् ।
कर्णाली नदी, चितवन राष्ट्रिय निकुञ्ज

□□□